# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

**कोशी प्रदेश, नेपाल**

**खोलाजन्य पदार्थ संकलन तथा बिक्री गर्न सिलबन्दी दरभाउपत्र आव्हानको ७ दिने सूचना**

तेस्रो पटक प्रकाशित मिति: २०८१।०९।२८

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ६२(क), हतुवागढी गाउँपालिकाको आर्थिक ऐन २०८१ को दफा १५, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही हतुवागढी गाउँपालिका, भोजपुरको क्षेत्राधिकार भित्र पर्ने आवादी क्षेत्र भएर बग्ने बिभिन्न नदी/खोलाबाट स्वीकृत नाकाहरुबाट निर्धारित मापदण्डबमोजिम खोलाजन्य पदार्थ उत्खनन तथा संकलन गरी स्वीकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि तपसिलको सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| सि.नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (क्यु फीट) | न्यूनतम बोलपत्र रकम मु.अ. कर सहित रु. |
|---|---|---|---|---|
| १ | HRM/SRBM/SQ/01/081-082 | पिखुवा दोभान, कावा खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | १०५९४४.१((खोलाको नाका संख्या १ (एक) | ७७८१५९.४१ |
| २ | HRM/SRBM/SQ/02/081-082 | पिखुवा दोभान, अरुण खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | २०१२९३.७९((खोलाको नाका संख्या ३ (तीन) | १३४२०२५.७० |
| ३ | HRM/SRBM/SQ/03/081-082 | राईः घाट, अरुण खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | ३९०५८.०६((खोलाको नाका संख्या २ (दुई) | २५५९८६.५१ |
| ४ | HRM/SRBM/SQ/04/081-082 | सुन वालुवा, अरुण खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | ८२९८९.५४५((खोलाको नाका संख्या २ (दुई) | ५७६२३७.०२ |
| ५ | HRM/SRBM/SQ/05/081-082 | एखुवा खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | १६९१५७.४०((खोलाको नाका संख्या २ (दुई) | १२४१२२४.१२ |
| ६ | HRM/SRBM/SQ/06/081-082 | छिर्लिङ खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | ९५३४९.६९((खोलाको नाका संख्या १ (एक) | ७२१८९२.५० |

- धरौटी रकम वा बैंक जमानत कबोल अंकको ५ प्रतिशत हुनुपर्नेछ।
- विस्तृत जानकारी तथा सूचनाको लागि www.hatuwagadhimun.gov.np हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हतुवागढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

पत्र संः २०८१/०८२

कोशी प्रदेश, नेपाल

**ढुङ्गा/गिट्टी/ग्राभेल, बालुवा र भरौट सङ्कलन तथा निकासी सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको ७ दिने सूचना**

**तेस्रो पटक प्रकाशित मिति:२०८१/०९/२८**

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ६२(क), हतुवागढी गाउँपालिकाको आर्थिक ऐन २०८१ को दफा १५, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही हतुवागढी गाउँपालिका, भोजपुरको क्षेत्राधिकार भित्र पर्ने आवादी क्षेत्र भएर बग्ने तपसिल बमोजिमको बिभिन्न नदी/खोलाबाट स्वीकृत नाकाहरुबाट निर्धारित मापदण्डबमोजिम खोलाजन्य पदार्थ उत्खनन तथा संकलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि तपसिलको सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | सिलबन्दी दरभाउपत्र को नाम | उत्खनन् परिमाण ((क्यू. फिट) | न्यूनतम सिलबन्दी दरभाउपत्र रकम (मु.अ. कर समेत) रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | HRM/SRBM/SQ/01/081-082 | पिखुवा दोभान, कावा खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | १०५९४४.१((खोलाको नाका संख्या १ (एक) | ७७८१५९.४१ | कबोल अंकको ५% (प्रतिशत) |
| २ | HRM/SRBM/SQ/02/081-082 | पिखुवा दोभान, अरुण खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | २०१२९३.७९((खोलाको नाका संख्या ३ (तिन) | १३४२०२५.७० | कबोल अंकको ५% (प्रतिशत) |
| ३ | HRM/SRBM/SQ/03/081-082 | राई घाट, अरुण खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | ३९०५८.०६((खोलाको नाका संख्या २ (दुई) | २५५९८६.५१ | कबोल अंकको ५% (प्रतिशत) |
| ४ | HRM/SRBM/SQ/04/081-082 | सुन वालुवा, अरुण खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | ८२९८९.५४५((खोलाको नाका संख्या २ (दुई) | ५७६२३७.०२ | कबोल अंकको ५% (प्रतिशत) |
| ५ | HRM/SRBM/SQ/05/081-082 | ऐखुवा खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | १६९१५७.४०((खोलाको नाका संख्या २ (दुई) | १२४१२२४.१२ | कबोल अंकको ५% (प्रतिशत) |
| ६ | HRM/SRBM/SQ/06/081-082 | छिर्लिङ खोलाबाट नदीजन्य पदार्थको विक्री कर सङ्कलन | ९५३४९.६९((खोलाको नाका संख्या १ (एक) | ७२१८९२.५० | कबोल अंकको ५% (प्रतिशत) |

महेश निरौला

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

पत्र सं: २०८१/०८२ कोशी प्रदेश, नेपाल

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०८०।०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, सिलबन्दी दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेड हतुवागढीको राजस्व खाता नं **1560113798600010** मा रु.१०००।– (शिलबन्दी दरभाउपत्र) दस्तुर बापतको रकम जम्मा गरेको बैङ्क भौचरलाई सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।
- सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंक लिमिटेड हतुवागढीको धरौटी खाता नं. **1560113798600042** मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।
- खरिद गरेको सिलबन्दी दरभाउपत्र फाराममा फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।
- *सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम समयः २०८१।१०।०५ गते बेलुका ५ बजेभित्र खरिद गरि २०८१।१०।०६ गते मध्यान्ह १२:०० बजेभित्र, सोही दिन दिउँसो २:०० बजे सिलबन्दी दरभाउपत्र खोलिनेछ ।*
- नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रि गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ । आबादी क्षेत्रबाहेक बाट ढुङ्गा, गिट्टी, बालुवा तथा भरौट उत्खनन गरी बिक्री गर्न पाईने छैन ।

तपसिल

| उत्खनन् क्षेत्र | पदार्थ | वार्षिक सिफारिस परिमाण (क्यू. फिट) |
|---|---|---|
| पिखुवा दोभान, कावा खोला | ढुङ्गा, गिट्टी, ग्रावेल | ५२९७२.०५ |
| | बालुवा | ५२९७२.०५ |
| पिखुवा दोभान, अरुण खोला, ब्लक १ | ढुङ्गा, गिट्टी, ग्रावेल | १३२४३.०१२५ |
| | बालुवा | २२०७१.६८७५ |
| | भरौट | ८८२८.६७५ |
| पिखुवा दोभान, अरुण खोला, ब्लक २ | ढुङ्गा, गिट्टी, ग्रावेल | १३२४३.०१२५ |
| | बालुवा | २२०७१.६८७५ |
| | भरौट | ८८२८.६७५ |
| पिखुवा दोभान, अरुण खोला, ब्लक ३ | ढुङ्गा, गिट्टी, ग्रावेल | ३३९०२.११२ |
| | बालुवा | ५६५०३.५२ |
| | भरौट | २२६०१.४०८ |
| छोटे बगर | ढुङ्गा, गिट्टी, ग्रावेल | १५२५५९.५०४ |
| | बालुवा | ४५७६७८.५१२ |

महेश निरौला
प्रशासकीय अधिकृत

Scanned with CamScanner

# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

पत्र सं: २०८१/०८२

कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | भरौट | १५२५५९.५०४ |
| राई घाट, अरुण खोला, ब्लक १ | ढुङ्गा, गिट्टी, ग्रावेल | ५६५०.३५२ |
| | बालुवा | १६९५१.०५६ |
| | भरौट | ५६५०.३५२ |
| राई घाट, अरुण खोला, ब्लक २ | ढुङ्गा, गिट्टी, ग्रावेल | २१६१.२५९६४ |
| | बालुवा | ६४८३.७७८९२ |
| | भरौट | २१६१.२५९६४ |
| सुन वालुवा, अरुण खोला, ब्लक १ | बालुवा | २११८८.८२ |
| | भरौट | ५२९७.२०५ |
| सुन वालुवा, अरुण खोला, ब्लक २ | ढुङ्गा, गिट्टी, ग्रावेल | ४५२०२.८१६ |
| | भरौट | ११३००.७०४ |
| छिर्लिङ खोला | ढुङ्गा, गिट्टी, ग्रावेल | ६६७४४.७८३ |
| | बालुवा | २८६०४.९०७ |
| ऐखुवा खोला, ब्लक १ | ढुङ्गा, गिट्टी, ग्रावेल | ३६०२०.९९४ |
| | बालुवा | ५४०३१.४९१ |
| ऐखुवा खोला, ब्लक २ | ढुङ्गा, गिट्टी, ग्रावेल | ४७४६२.९५६८ |
| | बालुवा | ३१६४१.९७१२ |

- सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी नियमानुसार सिलबन्दी दरभाउपत्र बन्दोबस्त गरिनेछ । खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस सिलबन्दी दरभाउपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।
- तोकिएको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध हुनेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको संकलन तथा बिक्री गर्दा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा, पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधि भित्र रही मात्र गर्नुपर्नेछ ।
- खोलाजन्य पदार्थ उत्खनन, सङ्कलन तथा विक्री गर्ने अवधी चलन पुर्जी पाएको भोलीपल्ट देखि देखि २०८२ जेष्ठ मसान्त सम्मको हुनेछ । सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिनेछ ।
- खोला तथा नदीबाट नदीजन्य पदार्थको विक्री करको दर कोशी प्रदेशको आर्थिक ऐन, २०८१ बमोजिम हुनेछ ।
- हतुवागढी गाउँपालिकालाई खोलाजन्य पदार्थ आवश्यक परेमा तोकिएको दररेटमा नै ठेकेदार पक्षसँग खरिद गर्न सक्नेछ ।

महेश निरौला
प्रशासकीय अधिकृत

Scanned with CamScanner

हतुवागढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

पत्र सं: २०८१/०८२

कोशी प्रदेश, नेपाल

- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
- कायम हुन आएको ठेक्काअङ्करकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम |
|---|---|---|
| प्रथम | ठेक्का स्वीकृत भइ सम्झौताको बखत | कबोल अंकको ५० % |
| दोस्रो | २०८१ फागुन मसान्त भित्र | कबोल अंकको २५ % |
| तेस्रो | २०८२ वैशाख मसान्त भित्र | कबोल अंकको २५ % |

- विस्तृत जानकारीका लागि कार्यालयको वेभसाइट https://www.hatuwagadhimun.gov.np/ मा हेर्न तथा कार्यालयको राजश्व शाखा सम्पर्क नं. ९८६०२६७३०८ वा पूर्वाधार शाखा ९८४३१५६९२४ मा सम्पर्क गर्न सकिनेछ ।

.............................
महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner